यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलबस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र सं.०८२/८३
च.न.

मिति:२०८२/१२/२०

# आगलागी नियन्त्रण सम्बन्धी सूचना

यशोधरा गाँउपालिकाका विभिन्न स्थानहरुमा आगलागी तथा डढेलोका घटनाहरु हुने देखिएको अवस्था छ । जसले गर्दा मानवीय तथा धनजनको क्षति स्वास्थ्यमा प्रतिकुल असर हुनुका साथै ऐतिहासिक धार्मिक वन तथा सम्पदाहरुमा नोक्सान हुन पुगेको छ । यस्ता घटनाहरुले मानवीय असावधानीका कारण भएको पाईएकोले देहाय बमोजिम सावधानी अपनाई सहयोग गर्नु हुन सम्पूर्ण वडा कार्यालय , राजनैतिक दल , जनप्रतिनिधि ,निजी क्षेत्र , सघं सस्था नागरिक समाज , सुरक्षाकर्मी र पत्रकारहरु लगायत आम गाँउपालिकावासी महानुभावहरुमा अनुरोध छ ।

१. आफ्नो घर तथा कार्यालय उधोग तथा पसलहरुमा रहेका विधुतीय लाइन तथा उपकरणहरु नियमित चेकजाँज गरी आवश्यक ब्यवस्थापन गर्ने।

२. जथाभावी रुपमा आगो डढेलो लगाउने काम बन्द गर्ने ।

३. धुम्रपान गरी चुरोट सलाई लाइटर जथाभावि नफाल्ने ।

४. आगलागी घटनामा रोकथाम तथा नियन्त्रणको लागि सम्पूर्ण वडा कार्यालय , जनप्रतिनिधि , वनका उपभोक्ता समूह , निजी क्षेत्र , रेडक्रस , सुरक्षाकर्मी लगायत मानवीय सहायतामा आवद्ध संघ संस्था सम्पूर्ण समुदाय सामूहिक रुपमा परिचालित हुनु अनुरोध छ।

५. यस गाउँपालिका भित्र सेवा पुरयाउनु हुने दूर संचार तथा विधुत कार्यालयहरुले आ - आफ्ना टावर रहेका स्थानहरुमा सर सफाई गरी टावरहरु सुरक्षित राख्न अनुरोध छ ।

६. यस गाउँपालिका भित्र आगलागी जन्य घटनाहरुवाट बच्न तथा क्षति न्युनिकरण गर्न आपतकालीन सहायता सेवाका लागि गाउँपालिका अध्यक्ष ९८५७०५३६९९,शिव दयाल तिवारी ९८११४२६०५३ (श्यामु यादव कृषि अधिकृत) ( नेपाल प्रहरी ) १०० र ९८२५४४४६१३ (एम्बुलेन्स ), को सधै प्रयोग गरौं।

...........................
शिव दयाल तिवारी
गाउँपालिका अध्यक्ष
शिव दयाल तिवारी
गा.पा. अध्यक्ष